नेपाल सरकार

शिक्षक सेवा आयोग

सानोठिमी, भक्तपुर

## संस्कृत तर्फका विषयमा स्पष्ट पारिएको सम्बन्धमा

शिक्षक सेवा आयोगबाट माध्यमिक र निम्न माध्यमिक तह तृतीय श्रेणीको शिक्षक पदको विभिन्न विषयहरुमा खुला प्रतियोगितात्मक परीक्षाको विज्ञापनमा दरखास्त दिने व्यक्तिहरुको शैक्षिक योग्यता तथा विषयहरुका सम्बन्धमा -:

१.माध्यमिक तहको संस्कृत तर्फ संस्कृत भाषाको विज्ञापनमा संस्कृत साहित्य र संस्कृत व्याकरणमा स्नातक वा सोसरह योग्यता हासिल गरेका एवं निम्न माध्यमिक तहका लागि उत्तरमध्यमा वा कक्षा १२ वा सो सरह योग्यता हासिल गरेका परीक्षार्थीहरुले आवेदन दिन सक्ने ।

२. कुनै विषयमा न्यूनतम शैक्षिक योग्यता हासिल गरेका व्यक्तिहरुले सोही तहमा थप विषयको रुपमा नन क्रेडिट अध्ययन गरेको विषय, आफूले आवेदन दिन चाहेको विषय तथा पदसँग मिल्ने देखिएमा र तोकिएको पूर्णाङ्क ( निम्न माध्यमिक तहमा २०० पूर्णाङ्क र माध्यमिक तहका लागि ३०० पूर्णाङ्क) पुगेमा त्यस्ता परीक्षार्थीहरुले समेत फारम भर्न वाधा नपर्ने।